# <u>जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०६९</u>

विद्युत नियमावली, २०५० को नियम ९४क.ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस यो निर्देशिकाको नाम "जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८ को दफा ३ मा संशोधनः</u>** जलविद्युत आयोजना अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०६८ (यस पछि मूल निर्देशिका भनिएको) को दफा ३ को उपदफा (३) को देहायको खण्ड (घ) झिकिएको छ ।

३. **<u>मूल निर्देशिकाको दफा ४ मा संशोधनः</u>** मूल निर्देशिकाको दफा ४ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः

"तर अनुमतिपत्र वहाल रहेको¸ वा नवीकरण गर्ने वा नगर्ने गरी निर्णय भै नसकेको, वा बास्केटमा रहेको आयोजनाको अवधि भित्र परेको दरखास्त मान्य हुने छैन ।"

४. **<u>मूल निर्देशिकाको दफा ५ को उपदफा (४) मा संशोधनः</u>** मूल निर्देशिकाको दफा ५ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखि र उपदफा (५) थप गरिएको छः-

"(४) माथि उल्लिखित कुनै प्रक्रियावाट आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्र नवीकरण गरिने छैन ।

तर अनुमतिपत्र नवीकरण गर्ने वा नगर्ने निर्णय गर्नु अघि सम्बन्धित प्रबर्द्धकलाई सफाई पेश गर्न पन्ध्र दिनको समयावधि उपलब्ध गराइनेछ । यसरी पन्ध्र दिनको समयावधि दिदा पनि आवश्यक कागजात विवरण तथा सफाइ पेश नगर्ने आयोजनाहरुको हकमा विभागले अनुसूची-२ बमोजिमको ढाँचामा राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।"

"(५) उपदफा (४) बमोजिमको सार्वजनिक सूचनामा तोकिएको म्याद भित्र आवश्यक कागजात एवं विवरणहरु वा सफाइ पेश नगर्ने आयोजनाको हकमा अनुमति पत्र खारेज गरिने छ ।

५. **मूल निर्देशिकाको दफा ८ मा संशोधनः** (१) मूल निर्देशिकाको दफा ८ मा रहेको "सहकारी संस्थाबाट" भन्ने वाक्यांश पछि "वा जलविद्युत आयोजना विकास गर्ने अन्य संस्थाहरु" भन्ने वाक्यांश थप गरिएको छ ।

(२) मूल निर्देशिकाको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गरिएको छः-

"(३)उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि जल विद्युतको समष्टिगत विकास गर्न उद्देश्यले, नेपाल सरकारको बास्केटमा रहेका आयोजनाहरु मध्ये कुनै प्रर्वधकले वित्तीय व्यवस्था गर्न सक्ने प्रतिवद्धता सहितको सम्भावना देखाएमा औचित्यताको आधारमा कुनै संस्था वा व्यक्तिलाई सर्वेक्षण अनुमतिपत्र प्रदान गर्न बाधा पुग्ने छैन ।"

६. **अनुसूचीमा संशोधनः** (१) मूल अनुसूचीलाई अनुसूची - १ कायम गरी सो अनुसूचीका रहेको फाराम नं. ४ हटाईएको छ ।

(२) अनुसूची-१ पछि देहायको अनुसूची-२ थप गरिएको छः-

अनुसूची -२

नेपाल सरकार

ऊर्जा मन्त्रालय

## विद्युत विकास विभाग

विद्युत उत्पादनको अनुमतिपत्र/विद्युत उत्पादनको सर्वेक्षण
अनुमतिपत्र/अनुमतिपत्र नविकरणको लागि दरखास्त
दिएका आयोजनाहरुको लागि

**सार्वजनिक सूचना**

विद्युत उत्पादनको अनुमतिपत्र/विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र/अनुमतिपत्र नवीकरणको लागि दरखास्त दिएका तपशिलका आयोजनाहरुले यस विभागबाट समय समयमा माग गरिएका आवश्यक कागजात विवरणहरु पेश नगरको हुँदा यो सूचना प्रकाशित भएको मितिले पैतिस दिन भित्र सम्पूर्ण कागजात विवरण पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र तल उल्लेखित विवरणहरु पेश हुन नआएमा उत्पादनको सर्वेक्षण/उत्पादन अनुमतिपत्रको दरखास्त/नवीकरणको दरखास्त कानून बमोजिम रद्द गरिने व्यहोरा नेपाल सरकार, ऊर्जा मन्त्रालयको मिति २०  /  /  को निर्णयानुसार जानकारी गराइन्छ ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | जिल्ला | क्षमता (मे.वा.) | प्रर्वधक कम्पनीको नाम र ठेगाना | प्रर्वधक व्यक्ति/सचालक निजको बाबुको नाम र ठेगाना | माग गरिएको विवरण/मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |

विद्युत विकास विभाग